# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया,मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०८२/०८३ राजश्व शाखा

च.नं.:

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

## विवरण तथा कार्ययोजना पेश गर्ने सम्वन्धी सूचना

प्रकाशित मिति २०८२/०४/१२

गाउँपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थ संकलन, प्रशोधन तथा विक्री गर्ने खानी, क्रसर तथा प्रशोधन उद्योगहरुले सम्लग्न जिल्ला समन्वय समिति मकवानपुरको च.नं. ७४९ मिति २०८२/०३/३२ को पत्रानुसारको वार्षिक क्षमताको अधिनमा रही चालु आ.ब.को लागि वार्षिक कार्ययोजना वनाई नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति मकवानपुरमा पेश गर्नुपर्ने कानुनी ब्यवस्था भएकाले पत्रको ब्यहोरा अनुसार भाद्र मसान्त भित्र यस कार्यालय तथा जिल्ला समन्वय समिति मकवानपुरमा वार्षिक कार्ययोजना पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

.................................

(रमेश सुवेदी)

प्रमुख प्रशासकिय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# जिल्ला समन्वय समितिको कार्यालय

## हेटौंडा, मकवानपुर

### बागमती प्रदेश

प.सं.:२०८१/८२
च.नं.: 683

मिति :२०८२।०३।३२

विषय: विवरण तथा कार्य योजना पेश गर्ने सम्बन्धमा ।

श्री हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।
श्री थाहा नगरपालिका, मकवानपुर ।
श्री मनहरी गाउँपालिका, मकवानपुर ।
श्री मकवानपुरगढी गाउँपालिका, मकवानपुर ।
श्री बागमती गाउँपालिका, मकवानपुर ।
श्री बकैया गाउँपालिका, मकवानपुर ।
श्री भीमफेदी गाउँपालिका, मकवानपुर ।
श्री कैलाश गाउँपालिका, मकवानपुर ।
श्री राक्सिराङ गाउँपालिका, मकवानपुर ।
श्री ईन्द्रसरोवर गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, मकवानपुरको मिति २०८२।०३।३१ गते बसेको बैठकको निर्णयानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ को उपदफा (६) मा प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका सम्पूर्ण खानी, क्रसर तथा प्रशोधन उद्योगहरुले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र सम्बन्धित पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम तँहा पालिका भित्र संचालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगको वार्षिक क्षमताको अधीनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण २०८२ भाद्र महिनाभित्र पेश गर्नु गराउनु हुन अनुरोध छ ।साथै सोही मापदण्डको दफा ९ को उपदफा (१२) बमोजिम सम्पूर्ण खानी, क्रसर तथा प्रशोधन उद्योगहरुले उत्खनन् तथा बिक्रीको वार्षिक कार्ययोजना बनाई जिल्ला अनुगमन समितिमा पेश गराउनका लागि निर्णयानुसार अनुरोध छ ।

८२।०३।३२

..............................
शान्ती वि.क.
जिल्ला समन्वय अधिकारी

फोन:०५७-५२०३५०,०५७-५२०९५०फ्याक्स:०५७-५२१६७३ वेवसाईट:www.ddcmakwanpur.gov.np
ईमेल: dccmak74@gmail.com फेसबुक:www.facebook.com/DCCMakwanpur